## साधारण सभासम्बन्धी सामान्य जानकारी

१. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) नेपालमा पनि महामारीको रूपमा फैलिई रहेको र यसको रोकथाम तथा नियन्त्रण गर्ने प्रयोजनको लागि नेपाल सरकारले विभिन्न सुरक्षा मापदण्डहरू निर्धारण गरी त्यसको पूर्ण पालना गर्न गराउन सूचित गरिरहेको परिप्रेक्ष्यमा साधारण सभा संचालन गर्दा विशेष सुरक्षाको व्यवस्था गर्नु पर्ने भएको छ। अत: यस विशेष परिस्थितिका कारणले साधारण सभामा उपस्थित हुन तथा भाग लिनको लागि विद्युतीय माध्यम (भर्चुअल- Google Meet) बाटसमेत सभामा भाग लिन सकिने व्यवस्था मिलाइएको हुँदा विद्युतीय माध्यमबाट साधारण सभामा भाग लिई दिनु हुन शेयरधनी महानुभावहरूलाई सादर अनुरोध गरिएको छ। विद्युतीय माध्यमबाट भएको उपस्थितिलाई सभा स्थलमा उपस्थित भए सरह मान्यता हुने व्यवस्था गरिएको हुँदा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न र बचाउन अनलाइन (भर्चुअल- Google Meet) विद्युतीय माध्यमबाट उपस्थित भई सभा संचालन गर्न सहयोग गरिदिनु हुन सबै शेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध छ। साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगावै देखि Virtual Meeting मा सहभागी हुन सकिने गरी खुल्ला गरिनेछ।

२. साधारण सभामा भाग लिन Meeting ID र Password को निमित्त कम्पनीको इमेल admin@mbjcl.com.np मा समयमै इमेल मार्फत सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो नाम, बिओआइडि नं. र कुल शेयर संख्या खुलाई आफनो परिचय खुल्ने प्रमाणपत्रसहित इमेल पठाउनु पर्नेछ। यसको लागि कम्पनीको वेबसाइटमा उपलब्ध गराइएको प्रवेश पत्र फारामसमेत प्रयोग गर्न सक्नु हुनेछ। साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान Verification गरी ID र Password पठाउन प्राविधिक कठिनाई पर्न सक्ने भएकोले समयमा नै सम्पर्क गरी कम्तीमा २ (दुई) दिन अगावै ID र Password लिन समेत अनुरोध छ। साथै शेयरधनीले उपलब्ध गराउनु भएको सोही email address मा वार्षिक साधारण सभाको प्रतिवेदन समेत पठाइने व्यहोरा अनुरोध छ।

३. आफ्नो मन्तव्य/जिज्ञासा राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि ४:०० बजे भित्र admin@mbjcl.com.np मा इमेल गरी वा कम्पनी सचिवलाई सम्पर्क गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नु हुने शेयरधनी महानुभावहरूलाई सभामा मन्तव्य राख्न Meeting ID र Password उपलब्ध गराइनेछ। यस प्रयोजनको लागि शेयरधनी महानुभावहरुले यस कम्पनीको वेबसाइटमा राखिएको मन्तब्य/जिज्ञासा फारामसमेत प्रयोग गर्न सक्नु हुनेछ।

४. कम्पनीका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत विद्युतीय माध्यम (भर्चुअल-Google Meet) बाट सभामा भाग लिन र छलफल गर्न सक्नेछन्।

५. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मिति २०७७।०८।११ गते विहान ११:०० बजेभित्र कम्पनीको इमेल admin@mbjcl.com.np मार्फत पठाई दर्ता गराई सक्नुपर्नेछ। कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन। यस प्रयोजनको लागि शेयरधनी महानुभावहरुले यस कम्पनीको वेबसाइटमा राखिएको प्रोक्सी फारामसमेत प्रयोग गर्न सक्नु हुनेछ।

६. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्रसहित प्रोक्सी फारम कम्पनीको इमेल admin@mbjcl.com.np मा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।

७. बुदा नं. ३, ५ र ६ मा उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनको लागि कम्पनीको आधिकारिक इमेल ठेगाना admin@mbjcl.com.np मार्फत पत्राचार गर्न खुल्ला रहनेछ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ (सात) दिन अगाबै कम्पनीको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ। त्यसरी जानकारी नदिएको बिषय उपर छलफल गर्न सकिने छैन।

९. साधारण सभासम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको केन्द्रीय कार्यालयको फोन नं. ०१-४७२१६४१, ४७२१६४२ र इमेल ठेगाना admin@mbjcl.com.np मा सम्पर्क राख्न हुनसमेत अनुरोध गरिन्छ।

MBKJCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

२०७७/०८/१८

कम्पनी सचिव